आज मिति २०७५/०९/२६ गतेका दिन शिवालय गाउँपालिका, सीमा जाजरकोटमा यस गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो ।

तपसिल

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान बहादुर पुन | वडाध्यक्ष वडा नं. १ |
| श्री प्रेम बहादुर बस्नेत | वडाध्यक्ष वडा नं. २ |
| श्री प्रेमदेव शर्मा | वडाध्यक्ष वडा नं. ३ |
| श्री तेज बहादुर बुढा | वडाध्यक्ष वडा नं. ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडाध्यक्ष वडा नं. ५ |
| श्री भक्त बहादुर थापामगर | वडाध्यक्ष वडा नं. ६ |
| श्री विरवल खत्री | वडाध्यक्ष वडा नं. ७ |
| श्री जसविर वली | वडाध्यक्ष वडा नं. ८ |
| श्री दिपक बहादुर खड्का | वडाध्यक्ष वडा नं. ९ |
| श्री शेर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री कालो वादी | कार्यपालिका सदस्य |
| श्री सिर्जना रेग्मी | कार्यपालिका सदस्य |
| श्री वालकुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री रामसरी राना | कार्यपालिका सदस्य |
| श्री विपना बुढा | कार्यपालिका सदस्य |
| श्री धनीराम शर्मा | सचिव |

प्रस्तावहरु

१. आवधिक योजना तर्जुमा सम्वन्धमा ।

२. छात्रबृत्ति समिति गठन सम्वन्धमा ।

३. पदपूर्ति समिति संशोधन सम्वन्धमा ।

४. प्रसुति गृह (Birthing Center) स्थापना गर्ने सम्वन्धमा ।

५. वडा कार्यालयहरुको जग्गा प्राप्ति सम्वन्धमा ।

६. विभिन्न समुहहरुको दर्ता तथा नविकरण शुल्क निर्धारण सम्वन्धमा ।

७. गिट्टी, वालुवा, ढुंगाको कर व्यवस्थापन सम्वन्धमा ।

८. सडक यातायात सञ्चालन अनुमति (Road Permit) सम्वन्धमा ।

९. समपुरक रकम उपलब्ध गराउने सम्वन्धमा ।

१०. आधुनिक शिक्षण सिकाई प्रविधिको रकम भुक्तानी सम्वन्धमा ।

११. विद्यालय शिक्षा कार्यक्रमको बाँडफाँड सम्वन्धमा ।

१२. प्रदेश सरकारमा प्रस्ताव पेश गर्ने सम्वन्धमा ।

१३. गाउँपालिका भवन निर्माणको लागि प्रस्ताव पेश गर्ने सम्वन्धमा ।

१४. यातायात सञ्चालन अनुमती (Route Permit) सम्वन्धमा ।

## निर्णयहरु

### निर्णय नं. १

प्रस्ताव नं. १ मा छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्तर सरकारी वित्त हस्तान्तरण ऐन २०७४ को अधिनमा रही यस गाउँपालिकाले तयार गर्नुपर्ने पन्चवर्षिय आवधिक योजना निर्माण गर्न गाउँपालिका र सजग परियोजनाको आर्थिक सहयोग तथा एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रम (हेल्भेटास) नेपालको प्राविधिक सहयोगमा आवधिक योजना तर्जुमा गर्ने निर्णय गरियो । साथै एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रम (हेल्भेटास) नेपालको प्राविधिक सहयोगमा जल उपयोग गुरुयोजना समेत तयार गर्ने निर्णय गरियो ।

धनीराम शर्मा
प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. २

प्रस्ताव नं. २ मा छलफल गर्दा यस शिवालय गाउँपालिकाद्धारा प्रदान गरिने सशर्त तथा निशर्त छात्रवृत्तिको लागि तपसिल बमोजिमको ३ (तीन) सदस्यीय छात्रवृत्ति समिति गठन गर्ने निर्णय गरियो । सोही समितिलाई आवश्यक मापदण्ड बनाई छात्रवृत्ति वितरणको व्यवस्था मिलाउने जिम्मेवारी समेत सुम्पने निर्णय गरियो । साथै कार्यपालिकाको प्रतिनिधिमा हाललाई कार्यपालिका सदस्य बालकुमारी बस्नेतलाई तोक्ने निर्णय गरियो ।

तपसिल

१. प्रमुख प्रशासकीय अधिकृत -संयोजक

२. कार्यपालिकाले तोकेको एकजना प्रतिनिधि

३. शिक्षा अधिकृत/स्रोत व्यक्ति -सदस्य सचिव

## निर्णय नं. ३

प्रस्ताव नं. ३ मा छलफल गर्दा शिवालय गाउँ कार्यपालिकाका लागि अति आवश्यक विभिन्न पदहरुमा सेवा करारबाट कर्मचारी भर्ना गर्नुपरेमा तपसिल बमोजिमको पदपूर्ति समिति पुर्नगठन गर्ने निर्णय गरियो ।

तपसिल

१. प्रमुख प्रशासकीय अधिकृत -संयोजक

२. विषय विशेषज्ञ/प्रमुख प्रशासकीय अधिकृतले तोकेको एकजना प्रतिनिधि -सदस्य

३. सम्बन्धित शाखा प्रमुख -सदस्य

## निर्णय नं. ४

प्रस्ताव नं. ४ मा छलफल गर्दा यस शिवालय गाउँपालिकामा रहेका तीनवटा स्वास्थ्य चौकीहरुमध्ये स्वास्थ्य चौकी सीमामा प्रसुती गृह यसअघि नै स्थापना भइ सञ्चालनमा रहेको र अन्य दुइ स्थानमा हालसम्म पनि प्रसुती गृह भवन निर्माण गर्न नसकिएकोले थालारैकर स्वास्थ्य चौकीको हकमा हाल निर्माणाधिन अवस्थामा रहेको खोपकेन्द्र भवनलाई अर्को व्यवस्था नभएसम्मको लागि प्रसुति गृहको रुपमा प्रयोग गर्ने र सो भवनको प्लाष्टर तथा मर्मत कार्य सम्पन्न गर्न सशर्त अनुदानतर्फको २.१५.२८.२० शिर्षकको रकम रु. १ लाख २० हजार विनियोजन गर्ने निर्णय गरियो । साथै स्वास्थ्य चौकी जुंगाथापाचौरमा प्रसुति गृहको लागि नयाँ भवन निर्माण गर्ने र सो को बजेटको व्यवस्था आगामि गाउँसभाद्धारा निर्धारण गर्ने निर्णय गरियो ।

## निर्णय नं. ५

प्रस्ताव नं. ५ मा छलफल गर्दा शिवालय गाउँपालिकाको वडाहरुको वडाकेन्द्रहरुको विवाद समाधान गरी उपयुक्त र पायक पर्ने स्थानमा वडा केन्द्रको लागि कम्तिमा ३ (तीन) रोपनी जग्गा प्राप्ति गरी

भवन निर्माण गर्नुपर्ने भएकोले १ (एक) महिनाभित्र निशुल्क जग्गा प्राप्तितर्फ लाग्न सम्बन्धित वडाध्यक्षहरुलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो । वडा नं. ३ र ७ को हकमा भने साबिकको गाविसको नाममा रहेको जग्गा नामसारी गर्नेतर्फ पहल गर्ने निर्णय गरियो ।

## निर्णय नं. ६

प्रस्ताव नं. ६ मा छलफल गर्दा यस शिवालय गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता हुन आउने विभिन्न प्रकृतिका समुहको दर्ता तथा नविकरण शुल्कमा द्विविधा हटाई एकरुपता कायम गर्न तपसिल बमोजिम दर्ता तथा नविकरण शुल्क कायम गर्ने निर्णय गरियो ।

### तपसिल

| समुहको नाम | दर्ता शुल्क | नविकरण शुल्क |
|---|---|---|
| कृषि फर्म तथा कृषक समुह | रु. ५०० | रु. २०० |
| पशु फर्म तथा पशुपालन समुह | रु. ५०० | रु. २०० |
| महिला समुह, आमा समुह | रु. ५०० | रु. २०० |
| खेलकुद क्लब, युवा क्लब | रु. ५०० | रु.२०० |
| बाल क्लब | निशुल्क | निशुल्क |

## निर्णय नं. ७

प्रस्ताव नं. ७ मा छलफल गर्दा यस शिवालय गाउँपालिका क्षेत्रभित्र रहेको प्राकृतिक स्रोतसाधनको समुचित व्यवस्थापनका लागि खोला तथा नदिजन्य प्राकृतिक उत्पादनको दोहनमाथि नियन्त्रण गर्न तपसिल बमोजिमको रोयल्टि कर लगाउनु पर्ने निर्णय गरियो । साथै सो कर संकलनमा खटाइने कर्मचारीलाई उठ्ती रकमको रु. १५% रकम प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

| कार्य | इकाई | नविकरण शुल्क |
|---|---|---|
| बालुवा, गिट्टी,ढुंगा दोहन बापत | प्रति ट्रेक्टर | रु. २०० |
| बालुवा, गिट्टी,ढुंगा दोहन बापत | प्रति ट्रिपर | रु. ५०० |

## निर्णय नं. ८

प्रस्ताव नं. ८ मा छलफल गर्दा यस शिवालय गाउँपालिकाभित्र ट्रयाक खोली यातायात सञ्चालन गर्न सकिने तपसिलका सडकहरुमा यातायात सञ्चालन अनुमति (Road Permit) को लागि जिल्ला प्रशासन कार्यालय जाजरकोट मार्फत नेपाल सरकार यातायात व्यवस्था विभागमा अनुरोध गर्ने निर्णय गरियो ।

## निर्णय नं. ९

प्रस्ताव नं. ९ मा छलफल गर्दा यस शिवालय गाउँपालिकाअन्तर्गत रहेका स्वास्थ्य चौकी थालारैकर र जुँगाथापाचौरमा खानेपानी तथा सरसफाइ कार्यक्रमका लागि स्वच्छता परियोजनाबाट प्रस्तावित लागत अनुमानका आधारमा तपसिल बमोजिमको रकम यस गाउँपालिकाले समपुरक कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

घनीराम शर्मा
प्रमुख प्रशासकीय अधिकृत

| स्वास्थ्य संस्था | रकम |
|---|---|
| थालारैकर स्वास्थ्य चौकी, थालारैकर जाजरकोट | रु. ९,१८,५२३.३८ |
| जुँगाथापाचौर स्वास्थ्य चौकी, जुँगा जाजरकोट | रु. १०,६८,८८५.५० |

शिवालय गाउँ कार्यपालिकाको कार्यालय
सिमा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७४

## निर्णय नं. १०

प्रस्ताव नं. १० मा छलफल गर्दा यस शिवालय गाउँपालिकाका विभिन्न विद्यालयहरुमा लागु गरिएको Edutainment Pvt. Ltd. द्वारा सञ्चालित आधुनिक प्रविधिको शिक्षण सिकाई प्रविधि TALKING TEACHER को सम्झौता बमोजिमको रकम समपुरक कोषबाट भुक्तानी दिने निर्णय गरियो ।

## निर्णय नं. ११

प्रस्ताव नं. १३ मा छलफल गर्दा विद्यालय शिक्षा कार्यक्रम अन्तर्गत प्राप्त कार्यक्रमलाई शिवालय गाउँ शिक्षा समितिको सिफारिसका आधारमा तपसिलका विद्यालयहरुमा बाँडफाँड गर्ने गरियो ।

१. शौचालय निर्माण श्री इन्द्रज्योती मा.वि. थालारैकर

२. शौचालय निर्माण श्री सरस्वती मा.वि. टाटागुहेला

३. पुस्तकालय व्यवस्थापन श्री सरस्वती मा.वि. सीमा

४. ICT-LAB व्यवस्थापन श्री नेपाल राष्ट्रिय मा.वि. स्यापी

५. विज्ञान प्रयोगशाला श्री विरेन्द मा.वि. जुँगाथापाचौर

साथै यसअघि श्री इन्द्रज्योती मावि थालारैकरमा शौचालय निर्माणको लागि छुट्याइएको रकम रु. ३ लाख चन्द्रदिपक मावि नाहाडालाई प्रदान गर्ने निर्णय गरियो ।

## निर्णय नं. १२

प्रस्ताव नं. १२ मा छलफल गर्दा शिवालय गाउँपालिकाको तेस्रो गाउँसभाद्धारा पारित तथा आ.व. २०७५/७६ को स्वीकृत बार्षिक विकास कार्यक्रममा संघ तथा प्रदेश सरकारको सहकार्यमा सञ्चालन गरिने भनी तय गरिएका तपसिल बमोजिमका आयोजनाहरुलाई प्रदेश सरकारको सहकार्यमा समपुरक रकम माग गर्न प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

तपसिल

१. कल्याना मोडाविसाउ सडक, शिवालय ५, जाजरकोट

२. ढडमेला खानेपानी आयोजना, शिवालय १, जाजरकोट

३. छहरे खोला लघु जलविद्युत आयोजना, शिवालय ६, जाजरकोट

४. रागमा ताङ्गा चिउदुवा सडक शिवालय ३, जाजरकोट

५. काउला सल्लेरी खानेपानी आयोजना, शिवालय ५, जाजरकोट

धनीराम शर्मा
प्रमुख प्रशासकीय अधिकृत

६. ऐरेली खनेटा सडक शिवालय २, जाजरकोट

७. छेडा आले खनेटा सडक शिवालय १, जाजरकोट

८. शिवालय गाउँपालिका भवन, शिवालय ३, जाजरकोट

## निर्णय नं. १३

प्रस्ताव नं. १३ मा छलफल गर्दा यस शिवालय गाउँपालिकाको भवन निर्माणको लागि आवश्यक नपुग रकम माग गर्न विस्तृत आयोजना प्रतिवेदन सहित श्री जिल्ला समन्वय समिति, जाजरकोटमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

## निर्णय नं. १४

प्रस्ताव नं. १४ मा छलफल गर्दा यस शिवालय गाउँपालिका क्षेत्रभित्र निर्माण भएका तपसिलका सडकहरुमा यातायात सेवा सञ्चालन गर्न अस्थायी यातायात सञ्चालन अनुमती (Temporary Route Permit) का लागि आवश्यक निर्णयार्थ श्री जिल्ला प्रशासन कार्यालय जाजरकोटमा लेखि पठाउने निर्णय गरियो ।

तपसिल

१. शिवालय थाला सडक (१२ किमि)

२. शिवालय सिमा सडक (३ किमि)

३. शिवालय टाटा सडक (७ किमि)

४. मैलतडा जुंगा सडक (१२ किमि)

५. मोर्क आले सडक (८ किमि)

६. वालुवा वडालपाटा (७ किमि)

मिति २०७५/०९/२६ गते विहिवारका दिन शिवालय गाउँकार्यपालिकाको तेइसौं बैठकबाट उपरोक्तानुसारका निर्णयहरु भएको व्यहोरा प्रमाणित गर्दछु ।

धनीराम शर्मा
प्रमुख प्रशासकीय अधिकृत